नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)
Communist Party of Nepal (Unified Socialist)
केन्द्रीय कमिटी/Central Committee

मिति : २०८१/१२/१५

# प्रेस विज्ञप्ति

आज दिउँसो ३:१५ बजे पुनरुत्थानवादी तत्वले जम्मा गरेका हुल्लडबाजहरूको एक जत्थाले हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय कार्यालय र काठमाडौं जिल्ला कार्यालय ( आलोकनगर, बानेश्वर, काठमाडौं) मा आक्रमण गरेर आजजनी र तोडफोड गरेको छ । केन्द्रीय कार्यालयका ढोका र झ्यालहरू तोडफोड गरेर कागजात र फर्निचरहरू जलाएको छ । आफुलाई तथाकथित राजावादी बताउने आपराधिक उन्मादीहरूको यस प्रकारको कुकृत्यको हाम्रो पार्टी घोर निन्दा र भत्सना गर्दछ । साथै, लुटपाट र आगजनी जस्ता क्रियाकलापबाट समाजलाई नियन्त्रण गर्न खोज्ने यस्ता तत्वलाई तिरस्कार तथा प्रतिवाद गर्न र नागरिकहरूको रक्षाप्रति सचेत रहन सम्पूर्ण जनसमुदायलाई हाम्रो पार्टी हार्दिक अपिल गर्दछ ।

पार्टी कार्यालयको वरिपरि हुनसक्ने घटनाबारे आज विहान ११ बजे नै प्रहरीलाई खवर गरिएको र पार्टी कार्यालयमा आक्रमण हुनथाले पछि फेरि तुरन्तै प्रहरीलाई खबर गर्दा पनि समयमै सुरक्षाको प्रवन्ध नगर्नु सुरक्षा प्रशासनको घोर लापर्वाही हो । अहिले यी हुल्लडवाजहरुले अन्य कैयन् सर्वसाधारणको सम्पतिमाथि पनि श्रृङ्लाबद्ध आक्रमण गरेर लूटपाट गरेका समाचारहरु आइरहेका छन् । यसबाट सरकारले सुरक्षा प्रबन्ध गर्न नसकेको तथ्य स्पष्ट भएको छ । हाम्रो पार्टी सरकारी संयन्त्रको यस प्रकारको लापर्वाही घोर निन्दा गर्दछ र नागरिक जीवनको सुरक्षाको प्रत्याभूति गर्न र तोडफोड तथा आगजनीमा सङ्लग्न सबै अपराधीहरुलाई यथाशिघ्र कडा कार्बाही गर्न जोडदार माग गर्दछ ।

.........................
घनश्याम भूसाल
महासचिव